# जैमिनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मसेरा बागलुङ

## आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षा प्रतिवेदन





जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## १) परिचय :

स्थानीय तहवाट सञ्चालन गरिएका सबै प्रकारका आयोजना र कार्यक्रमहरुको प्रगति प्रतिफल, उपलब्धी समस्या र चुनौति सहितका बिषयवस्तु समेटी सरोकारवाला व्यक्तिहरुको उपस्थितीमा गरिने छलफललाई समिक्षा भनिन्छ । सस्थागत रुपमा सञ्चालन भएका क्रियाकलापको आर्थिक एंव भौतिक अवस्थाका बारेमा समय समयमा सरोकारवाला बीच समिक्षा गरी पृष्ठपोषण प्राप्त गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा सस्थागत सुधारका उपायहरुको खोजि गरिन्छ। यस प्रकारका क्रियाकलापहरुको माध्यमबाट सस्थाले गरेका असल र प्रभावकारी सिकाईको प्रचारप्रसार गरी ति सिकाईलाई आत्मसाथ गर्दै आईपरेका समस्याका विषयमा छलफलका माध्यमबाट सुझारका लागि सल्लाहसुझाब समेत प्राप्त गर्ने प्रक्रिया एंव माध्यमका रुपमा समिक्षा गोष्ठिलाई लिईन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा ६ मा समिक्षा तथा मुल्याकंन सम्बन्धी ब्यवस्था गरिएको छ । सोही ब्यवस्था अनुसार यस नगरपालिकाले आर्थिक बर्ष २०७९/०८० मा सम्पन्न गरिएका क्रियाकलापको आर्थिक एंब भौतिक प्रगति सहितको बार्षिक समिक्षा गोष्ठिको आयोजना गरियो । साथै कार्यसम्पादनको क्रममा भएका असल अभ्यास र सिकाई आईपरेका समस्या र ति समस्या समाधानको लागि गरिएका पहलहरु समेतका विवरणहरु समाबेस गरी शाखा प्रमुख , बिषयगत समितिका सयोजक र कार्यपालिका बैठकमा छलफल गरी नगरपालिकाको बार्षिक समिक्षा बैठक मिति २०८० साउन १७ र २८ गते जैमिनी नगरपालिकामा दुई चरणमा सम्पन्न गरियो ।

## २) उद्देश्य :

- जैमिनी नगरपालिका वाट आर्थिक बर्ष २०७९/०८० को बार्षिक अबधिमा भए गरेका क्रियाकलापहरुको अवस्था पत्ता लगाउनु ।
- अपेक्षाकृत भौतिक एंव आर्थिक लक्ष्य र एंव बास्तविक भौतिक र आर्थिक प्रगतिको अवस्थाको बारेमा जानकारी लिनु ।
- कार्यक्रम तथा योजनाको कार्यान्वयनका अवस्थाका बारेमा देखा परेका समस्या पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु ।
- समिक्षा बाट प्राप्त निचोडको भाबि योजना तर्जुमा र कार्यान्वयन लागु गर्नु ।

## ३) पूर्ब तयारी

वार्षिक समिक्षा गोष्ठीको लागि यस पालिकामा शिक्षा उपसचिब श्री खेम प्रसाद आचार्यको संयोजकत्वमा बार्षिक कार्यक्रम तयारी तथा ब्यवस्थापन समिति गठन गरिएको थियो । जुन समितिमा नगरपालिकाको शाखा प्रमुखहरु सदस्य रहेका थिए । समिति गठन सगै बार्षिक समिक्षा गोष्ठिमा शाखागत रुपमा प्रस्तुत गर्ने र प्रस्तुतीकरणको ढाचा बनाईएको थियो । तयार गरिएको ढाँचा अनुरुप यस नगरपालिका अन्तरगतका

शाखाहरुले आफ्ना क्रियाकलापको प्रतिबेदनको तयारी गरिएको थियो । यस नगरपालिकामा बिभिन्न आयोजना सञ्चालन गर्दै आईरहेका संघ सस्थालाई प्रगति प्रस्तुत सहित कार्यक्रममा सहभागिताकालागि जानकारी गराईएको थियो ।

## ४) कार्यक्रमका मुख्य क्रियाकलापहरु

यस पालिकाको आ. ब. २०७९/०८० मा सञ्चालनमा भएका क्रियाकलाप र आयब्ययको बार्षिक प्रगति प्रतिबेदन प्रस्तुत सहित आयोजना गरिएको बार्षिक समिक्षा गोष्ठीलाई तिन सत्रमा सञ्चालन गरीएको थियो ।गोष्ठोको पहिलो खण्डमा उत्घाटन सत्र रहेको थियो भने दोस्रो र अन्तिम खण्डमा शाखागत रुपमा प्रस्तुतिकरण र अन्तिम सत्रमा छलफल तथा निश्कर्ष निकाल्ने कार्य भएको थियो ।

गोष्ठीको पहिलो खण्ड उत्घाटन सत्रको अघ्यक्षता नगरपालिकाको प्रमुख नर बहादुर पुनले गर्नुभएको थियो भने कार्यक्रमको उद्येश्यमाथि नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरीले प्रकाश पार्नु भएको थियो । कार्यक्रमको सहजिकरण योजना शाखा प्रमुख प्रेम प्रसाद सापकोटाले गर्नुभएको थियो । कार्यक्रममा नगर कार्यपालिका सदस्यहरु, पत्रकार र नगरपालिकाको कर्मचारीको उपस्थितीमा भएको थियो ।

गोष्ठीको दोस्रो खण्डमा नगरपालिकाका बिभिन्न शाखाहरुका साथै यस पालिकामा कार्यक्रम सञ्चालन गरिरहेका गैर सरकारी सस्थाको बार्षिक प्रगतिको प्रस्तुती गरिएको थियो । सम्पुर्ण शाखाहरुको एकमुष्ठ रुपमा सहभागिहरुको जिज्ञासा तथा प्रश्नहरु सहित छलफल गरिएको थियो । प्रस्तुतिकरण निम्नानुसार थियो ।

१) योजना शाखा
२) प्राबिधिक शाखा
३) शिक्षा युबा तथा खेलकुद शाखा
४) स्वास्य शाखा
५) आयुर्बेद शाखा
६) कृषि शाखा
७) पशु शाखा
८) रोजगार प्रबर्धन शाखा
९) सामाजिक बिकास शाखा
१०) बन वातावण तथा विपद् ब्यवस्थापन शाखा
११) गरिवी निबारणका लागि लगुउद्यम बिकास कार्यक्रम
१२) सुरक्षित आप्रबासन कार्यक्रम
१३) न्यायिक शाखा
१४) गैर सरकारी सस्थाको कार्यक्रमहरु

उक्त समिक्षा गोष्ठिमा प्रस्तुत भएका प्रगतिका मुख्य अंसहरु निम्न अनुसार छन ।

## आर्थिक बर्ष ०७९/८०को बार्षिक प्रगति सारांश

आर्थिक बर्ष ०७९/८०को वार्षिक अवधिमा जैमिनी नगरपालिका नगर सभा तथा कार्यपालिकाको बैठकक बाट निर्णय भई छनौट भएका निशर्त तथा सशर्त अनुदानतर्फ स्वीकृत जम्मा योजना तथा कार्यक्रमको संख्या ७०७ मध्ये पूर्वाधार विकास तर्फ २८८, आर्थिक विकास तर्फ ७३, सामाजिक विकास तर्फ ३११, सुशासन तथा संस्थागत विकास तर्फ १७ र बन, वातावरण तथा विपद व्यवस्थापन तर्फ १८ वटा रहेका छन। उल्लेखित ७०७ योजना कार्यक्रम मध्ये ४४३ योजना/कार्यक्रमको भौतिक प्रगति १०० प्रतिशत, २०२ वटा योजना/कार्यक्रमको औषत भौतिक प्रगति ७९.५ प्रतिशत र ६२ वटा योजना/कार्यक्रम कार्यान्वयन हुन नसकि शुन्य प्रतिशत प्रगति देखिएको छ। जम्मा योजना/कार्यक्रमको संख्या ७०७ मध्ये निशर्त तर्फका ५७६ वटा योजना/कार्यक्रमहरुको तुलना गर्दा पूर्वाधार विकास तर्फ २५७ वटा योजनाको भौतिक प्रगति ९१ प्रतिशत र वित्तिय ९१ प्रतिशत, सामाजिक विकास तर्फका २३६ योजना/कार्यक्रमको भौतिक प्रगति ८३ प्रतिशत र वित्तिय प्रगति ८२ प्रतिशत, आर्थिक विकास तर्फका ५० वटा योजना/कार्यक्रमको भौतिक प्रगति ५९प्रतिशत र वित्तिय प्रगति ५५ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फका १७ वटा कार्यक्रम को भौतिक प्रगति ३६ प्रतिशत र वित्तिय प्रगति ३६ प्रतिशत र बन, वातावरण र विपद व्यवस्थापन तर्फका १६ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ७७ प्रतिशत र वित्तिय प्रगति ७६ प्रतिशत रहेको छ। उपरोक्त ५ वटा विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ८३ र वित्तिय प्रगति ८३ प्रतिशत रहेको छ।

# आर्थिक बर्ष ०७९/८०को बार्षिक प्रगति सारांश

यसै गरी सशर्त अनुदानतर्फ सञ्चालित १३१ वटा योजना/कार्यक्रमहरु मध्ये पूर्वाधार विकास तर्फ ३१ वटा योजनाको भौतिक प्रगति ८५ प्रतिशत र वित्तिय ८२ प्रतिशत, सामाजिक विकास तर्फका ७५ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ७९ प्रतिशत र वित्तिय प्रगति ७९ प्रतिशत, आर्थिक विकास तर्फका २३ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ६६ प्रतिशत र वित्तिय प्रगति ५९ प्रतिशत, र वन, वातावरण र विपद व्यवस्थापन तर्फका २ वटा योजना/कार्यक्रमको भौतिक प्रगति १०० प्रतिशत र वित्तिय प्रगति १०० प्रतिशत रहेको छ। उपरोक्त ४ वटा विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ८१ र वित्तिय प्रगति ८० प्रतिशत रहेको छ।

निशर्त र सशर्त अनुदान दुवै तर्फ संचालित आयोजना तथा कार्यक्रमको कुल भौतिक प्रगति ८२ प्रतिशत र वित्तिय प्रगति ८१.५ प्रतिशत रहेको छ।

चालु तथा पुँजिगत दुवै तर्फको जम्मा कुल भौतिक प्रगति ८२प्रतिशत र वित्तिय प्रगति ८२.११ प्रतिशत रहेको छ।

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# गत आ.व.को यथार्थ आय व्यय विवरण

| क्र.सं. | क्र.सं | आ.व. २०७९-०८०को प्रस्तावित आय | आ.व. २०७९-०८० को यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | आ.व. २०८०-०८१ को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १२७४००००० | ११७८४५००० | ९९६२१३४० | ७८.२ | |
| २ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | | | ७१८२६४१ | ५४.२७ | |
| ३ | संघीय सरकार सशर्त अनुदान चालु | ३८१०३५००० | ३६११५५५४६ | ३६११२२२४२ | ९४.८ | |
| ४ | संघीय सरकार सशर्त अनुदान पुँजीगत | ४८८९९००० | ३३३६३३८५ | ३३३६३३८५ | ६८.२३ | |
| ५ | संघीय सरकार विशेष अनुदान | १३०००००० | ११४२८९०४ | ११३७६२०८ | ८७.५१ | |

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# गत आ.व.को यथार्थ आय व्यय विवरण

| क.स | विवरण | आ.व. २०७९/०८० को प्रस्तावित आय | आ.व. २०७९/०८० को यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | आ.व. २०८०/०८१ को अनुमान |
|---|---|---|---|---|---|---|
| ५ | संघीय सरकार सम्पुरक अनुदान | ५०००००० | ३१४९०९९ | ३१४९०९९ | ६२.९८ | |
| ६ | | | | | | |
| ७ | प्रदेश सरकार राजस्व बाँडफाँड | ८०५३००० | ८५५३३५७ | ४४२३६१८ | ५४.९३ | |
| ८ | प्रदेश सरकार सम्पुरक अनुदान | ६०००००० | ४६४५००० | ४६४५००० | ७७.४१ | |

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# गत आ.व.मा भएका मुख्य उपलब्धीहरु

## (सामाजिक विकास)

| क्र.सं. | शिर्षक | इकाइ | परिमाण | लागत रु./विनियोजित रु | अनुदान रु | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा | वटा | ५७ | ५२७७६४०० | ४८४००४०० | • सिकाइ उपलब्धीमा वृद्धि<br>• शिक्षक दरबन्दी मिलान र शिक्षक व्यवस्थापन<br>• विद्यार्थी नियमितता<br>• कक्षा कोठा व्यवस्थापन<br>• शैक्षिक सामाग्री व्यवस्थापन<br>• बालविकास केन्द्र व्यवस्थापन,<br>• शैक्षिक पूर्वाधार निर्माण<br>• सञ्चार सिपको प्रयोग<br>• समयको बचत<br>• मूल्याङ्कन प्रणालीमा सुधार, | ६००० |
| २ | स्वास्थ्य | वटा | ५७ | ६३१५४००० | ५६६१८१०९ | • प्रवर्द्धनात्मक, प्रतिकारात्मक उपचारात्मक सेवा<br>• सरुवा रोग नियन्त्रण<br>• समुदाय स्तरको रोगको पहिचान<br>• किशोरी मैत्री स्वास्थ्य सेवा स्थापना<br>• परिवार नियोजन सेवाको पहुँच र विस्तार<br>• सुरक्षित मातृत्व सेवा आदी। | १२००० |

गल्फी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# गत आ.व.मा भएका मुख्य उपलब्धीहरु (सामाजिक विकास)

| क्र. सं. | शिर्षक | इकाइ | परिमाण | लागत रु. /विनियोजित रु | अनुदान रु | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| ७ | लक्षित वर्ग आयमुलक सिपमुलक कार्यक्रम | संख्या | १० | ७,६३,८०० | ७,४६,८०० | • आम्दानीमा वृद्धि, • समयको सदुपयोग • सीपको विकास • रोजगारीको सृजना • | ६२०० |
| ८ | अन्य कार्यक्रम /तालिम, सहयोग, सम्मान | गोटा | ८ | ६,९९,३०० | ६,९७,००० | • प्रोत्साहन, आत्मसम्मान, • सहयोग | ५०० |
| ९ | खरका छाना विस्थापन /सुरक्षित नागरिक आवास कार्यक्रम/ घरबार विहिनका लागि आवास निर्माण कार्यक्रम | कार्यक्रम | ३ | १,१५,००,००० | १४,०९,५२१ | • ३ वटा घर निर्माण • २८ वटा खरका छाना विस्थापन | ११३ |

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# गत आ.व.मा भएका मुख्य उपलब्धीहरु (सामाजिक विकास)

| क्र.सं. | शिर्षक | इकाइ | परिमाण | लागत रु./विनियोजित रु | अनुदान रु | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १० | सुरक्षित आप्रवासन कार्यक्रम | गोटा | १ | २१,००,००० | २१,५५,००० | • व्यवस्थित वैदेशिक रोजगारमा सहयोग,<br>• वैदेशिक रोजगार समस्या न्यूनिकरणमा सहयोग,<br>• वैदेशिक रोजगारबाट सृजित समस्या समाधानमा सहयोग,<br>• विप्रेषणको उचित व्यवस्थापन<br>• वैदेशिक रोजगारी सम्बन्धी चेतनाको बृद्धि | ७७३ |
| ११ | वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिका लागि पुन एकिकरण कार्यक्रम | गोटा | १ | १७,२०,००० | १०,१५,००० | • उद्यमशीलता विकास<br>• बाख्रा पालन, आधारभूत मोटरसाइकल मर्मत र आधारभूत वल्डीङ तालिम मार्फत २४ जनालाई तालिम प्रदान । | २४ |

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# गत आ.व.मा भएका मुख्य उपलब्धीहरू

(पूर्वाधार विकास)

| क्र.सं. | शिर्षक | इकाइ | जम्मा लागत रु. | अनुदान रु. | जन सहभागिता रु. | प्रमुख उपलब्धीहरू |
|---|---|---|---|---|---|---|
| सडक | नया सडक | कि मि | १११३७६११ | ९९२१७८५ | १२१५८२६ | १४ कि.मि. निर्माण |
| | सडक मर्मत | कि मि | १०३१४३८४ | ८४८३०२८ | १८३१३५६ | ८६.७१ कि .मि. मर्मत |
| | ग्याबिन | घ मि | १३७९०७३६ | १२०७९४११ | १७११३२५ | २४०५ घमि लगाइएको |
| | पक्की नाली | मि | ३७४००३९ | ३४७९०१४ | २६१०२५ | १०२३ मिनिर्माण |
| | कच्ची नाली | मि | १४०७८९ | १२६२७२ | १४५१७ | १८३४ मिनिर्माण |
| | ढलान कार्य | मि | २१६९४१८० | २०९८९९५५ | ७०४२२५ | १०५३ मि. ढलान |
| | कालोपत्रे सडक | मि | ० | ० | ० | - - - - - |
| | सोलिङ | मि | २४००८९७ | २१७०५६३ | २३०३३४ | १२८६ मिसोलिङ |
| | मेशिनरीवाल | घ मि | १२१८६३८९ | ११८५७५८७ | ३२८८०२ | ८९१ घ.मि. निर्माण |
| | विविध (पिसिसी आरसिसि, ह्युम पाइप) | वटा | ९८१६०१ | ८७५११० | १०६४९२ | ७७५ वटा |

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु

| क.सं. | शिर्षक | इकाई | जम्मा लागत रु | अनुदान रु | जन सहभागिता रु | प्रमुख उपलब्धीहरु |
|---|---|---|---|---|---|---|
| सिंचाई | पक्की कुलो | मि | ३८०७६३४ | ३३६०७७२ | ४४६८६२ | १४०८ मि निर्माण |
| | कच्ची कुलो | मि | ५४५११ | ४८००० | ६५११ | ३० मि निर्माण |
| | सिंचाई पाईप व्यवस्थापन | मि | ३४२०४२ | २९५०३६ | ४७००६ | २६०० मि. |
| | पोखरी निर्माण | वटा | १०५०५५८ | ८७३१४९ | १७७४०९ | ८ वटा निर्माण |
| भवन | पक्की भवन निर्माण | वटा | ६४२४१५०० | ५४५९८४५१ | ९६४३०४९ | २९ वटा निर्माण |
| | भवन मर्मत | वटा | ३३५८३७७ | २८९१२३३ | ४६७१४४ | ३६ वटा मर्मत |
| | भवन रेलिङ | मि | ३०५५९२० | २६८१८१३ | ३७४१०८ | ११५ मिटर |
| खानेपानी | खानेपानी मुहान (ट्यांकी) | वटा | १०७५४१९ | ९४०५०९ | १३४९१० | २८ वटा |
| | आरसिसि निर्माण | वटा | ४१९७३३७ | ३४६६९१८ | ७३०४१९ | ३३ वटा |
| | पाईप लाईन विस्तार | मि | ४४५६९८२ | ४३२८६५२ | १२८३३० | १६६९० मि |
| | [illegible] | वटा | ११२६१५८ | १०४४२०० | ८१९५८ | २८० वटा |
| | धारा मर्मत | वटा | ५८२६२५ | ५०९२८५ | ७३३४० | १३ वटा |
| | स्यारथ्याथ | वटा | १०३०००० | ८६०५०० | १६९५०० | १० वटा |
| | विविध काम | वटा | २३८८७४ | १५९२०२ | ७९६७१ | २४ वटा |

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु

| क.सं. | शिर्षक | इकाइ | परिमाण | जम्मा लागत रु | अनुदान रु | जन सहभागिता रु | प्रमुख उपलब्धीहरु |
|---|---|---|---|---|---|---|---|
| शौचालय | नया | वटा | ८ | ९२२१५५ | ८२१८९३ | १००२६१ | [illegible] वटा |
| | पुरानो मर्मत | वटा | ३ | ३५५९६४ | ३१३००० | ४२९६४ | ३ वटा |
| मन्दिर | नया | वटा | २ | २४१०९४ | २१५९७६ | २५११८ | २ वटा |
| | पुरानो मर्मत | वटा | १ | ७५०७३ | ६७६३३ | ७४४० | १ वटा |
| पैदल मार्ग | ढलान सिढी | वटा | ५९९ | १८८९५२५ | १६६७९५४ | २२१५७१ | ५९९ वटा |
| | गोरेटोबाटो नया | मि | १४५० | २८७५३५२ | २५१७७१६ | ३५७६३६ | १४५० मि |
| | गोरेटोबाटो मर्मत | मि | ५३४६ | १६४७४५९ | १४४०७९३ | २०६६६६ | ५३४६ मि |
| झो पु | नया निर्माणाधिन | वटा | ५ | १९६५००० | १९६५००० | ० | ५ वटा |
| खेलमैदान | नया | वटा | १ | ५४६४० | ४८००० | ६६४० | १ वटा |
| | मर्मत | वटा | ७ | १२९७४४९ | ११३१४२६ | १६६०२२ | ७ वटा |
| खरिद | झो पु स्टिलपार्ट | वटा | ५ | ६१२८१५६ | ६१२८१५६ | ० | ५ वटा |
| | खानेपानी पाइप | मि | १७४७८ | १४४४४३० | १४४४४३० | ० | १७४७८ मि |
| | तारजाली | वटा | ३०६ | ९९८५५२ | ९९८५५२ | ० | ३०६ वटा |
| | खानेपानी पम्प | वटा | १ | ४८७८०० | ४८७८०० | ० | १ वटा |

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु

(पूर्वाधार विकास)

| क्र.सं. | शिर्षक | इकाइ | जम्मा लागत रु | अनुदान रु | जन सहभागिता रु | प्रमुख उपलब्धीहरु |
|---|---|---|---|---|---|---|
| विविध | प्रतिक्षालय तारजाली पर्खाल आदि | घ मि | ४८७८३५९ | ४३२८७८९ | ५४९५७० | ६१० घमि |
| | जम्मा | | १९१०५७१४७ | १७५४०८११२ | १५६४९०३५ | |


जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## जैमिनीनगरपालिका

## आ.व. २०७९/०८० को विषयगतक्षेत्र अनुसारको प्रगति विवरण (निशर्त तर्फ)

| सि न | विषयक्षेत्र | संचालित योजना तथा कार्यक्रमको संख्या | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागत अनुमान | विनियोजन बजेट रु | जन सहभागिता | [illegible] | खर्च भएको [illegible] | जन सहभागिता | भौतिकप्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत |
| 1 | पूर्वाधार विकास | 257 | 97413145 | 88210654 | 9202491 | 88879911 | 80669695 | 8210216 | 91 | 91 |
| 2 | सामाजिक विकास | 236 | 55252584 | 52750895 | 2501689 | 45834236 | 43204216 | 2630020 | 83 | 82 |
| 3 | आर्थिक विकास | 50 | 23083237 | 17787030 | 5296207 | 13687474 | 9783101 | 3904373 | 59 | 55 |
| 4 | सुशासन तथा संस्थागत विकास | 17 | 4150000 | 4150000 | 0 | 1478875 | 1478875 | 0 | 36 | 36 |
| 5 | वातावरण तथा विपद व्यवस्थापन | 16 | 5752324 | 5655800 | 96524 | 4426705 | 4295728 | 130977 | 77 | 76 |
| | hDdf | 576 | 185651290 | 168554379 | 17096911 | 154307201 | 139431615 | 14875586 | 83 | 83 |

## आ.व. २०७९/०८० को विषयगत क्षेत्र अनुसारको प्रगति विवरण (निशर्त तर्फ)




जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## जैमिनी नगरपालिका

### आ.व. ०७९।८० को विषयगत क्षेत्र अनुसारको प्रगति विवरण (सशर्त तर्फ)

| क्र.सं. | विषयगत क्षेत्र | संचालित योजना तथा कार्यक्रमको संख्या | वार्षिक लक्ष्य | | | आर्थिक प्रगति | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागत अनुमान | विनियोजन बजेट रु | जन सहभागिता रु | कार्यको मूल्याङ्कन रु | खर्च भएको अनुदान रु | जन सहभागिता रु | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति प्रतिशत |
| 1 | पूर्वाधार विकास | 31 | 78212530 | 73752294 | 4460236 | 66524590 | 60493149 | 6031441 | 85 | 82 |
| 2 | सामाजिक विकास | 75 | 72298643 | 72286143 | 12500 | 57474210 | 57461710 | 12500 | 79 | 79 |
| 3 | आर्थिक विकास | 23 | 17093800 | 13311800 | 3782000 | 11215050 | 7827807 | 3387243 | 66 | 59 |
| 4 | वातावरण तथा विपद व्यवस्थापन | 2 | 6738899 | 6738899 | 0 | 6720890 | 6720890 | 0 | 100 | 100 |
| | जम्मा | 131 | 174343872 | 166089136 | 8254736 | 141934740 | 132503556 | 9431184 | 81 | 80 |

### आ.व. २०७९।०८० को विषयगत क्षेत्र अनुसारको प्रगति विवरण (निशर्त तर्फ)




जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## जैमिनी नगरपालिका

### आ.व. २०७९/०८० को विषयगत क्षेत्र अनुसारको प्रगति विवरण (निशर्त र शशर्त तर्फ)

| क्र.सं. | विषयगत क्षेत्र | संचालित योजना तथा कार्यक्रमको संख्या | [illegible] | | | [illegible] | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागत अनुमान | विनियोजन बजेट रु | जन सहभागिता रु | कार्यको मुल्याङ्कन रु | भुक्तानी भएको अनुदान रु | जन सहभागिता रु | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति प्रतिशत |
| 1 | पूर्वाधार विकास | 288 | 175625675 | 161962948 | 13662727 | 155404501 | 141162844 | 14241657 | 88 | 87 |
| 2 | सामाजिक विकास | 311 | 127551227 | 125037038 | 2514189 | 103308446 | 100665926 | 2642520 | 81 | 81 |
| 3 | आर्थिक विकास | 73 | 40177037 | 31098830 | 9078207 | 24902524 | 17610908 | 7291616 | 62 | 57 |
| 4 | सुशासन तथा संस्थागत विकास | 17 | 4150000 | 4150000 | 0 | 1478875 | 1478875 | 0 | 36 | 36 |
| 5 | वातावरण तथा विपद व्यवस्थापन | 18 | 12491223 | 12394699 | 96524 | 11147595 | 11016618 | 130977 | 89 | 89 |
| | जम्मा | 707 | 359995162 | 334643515 | 25351647 | 296241941 | 271935171 | 24306770 | 82 | 81 |

### आ.व. २०७९/०८० को विषयगत क्षेत्र अनुसारको प्रगति विवरण (निशर्त तर्फ)



## आन्तरिक आय प्रवर्द्धनका लागि गरिएका प्रयासहरु

❖ राजस्व संकलनलाई अनलाईन मार्फत सुचारु गरिएको ।

❖ राजस्व परामर्श समितिको बैठकबाट सुझाव लिई करका दरहरुलाई व्यवस्थित गर्ने प्रक्रिया अगाडी बढेको ।

❖ करको दायराहरु फराकिलो बनाई लागु गर्ने प्रयास गरिएको ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# संस्थागत विकास, सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि गरिएका प्रयासहरु

- सामाजिक सुरक्षा भत्ता बैंक सग समन्वय गरी वडास्तरबाट मार्फत वितरण गरिएको ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ र अनुगमन प्रणालीबाट सुशासनलाइ बलियो बनाउन जोड दिईएको ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यक्रम सम्झौता, संचालन र फरफारक सम्वन्धि अनुशिक्षण दिइएको ।
- वडागत मर्मत सभार कोष, विपद् व्यवस्थापन कोष स्थापना गरि प्रयोगमा ल्याइएको ।
- महिला हिंसा निवारण कोष र विपन्न स्वास्थ्य राहत कोष स्थापनाको शुरुवात गरिएको ।
- स्वीकृत आयोजना तथा कार्यक्रमहरुको कार्यतालिका तयार गरी २०८०/०१/१५ गते भित्र ९० प्रतिशत योजना सम्पन्न गर्न सफल भएको ।
- वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) तर्फ बागलुङ जिल्लाका १० पालिका मध्ये प्रथम र स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) तर्फ गण्डकी प्रदेशमा तेस्रो हुन सफल भएको ।
- पालिकाबाट हुने सबै प्रकारका भुक्तानीहरु विद्युतीय प्रणालीबाट गरिएको ।
- चालु आर्थिक वर्षको यस अवधि सम्म १३ वटा कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गरिएको ।
- वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउन सुरक्षित आप्रवासन कार्यक्रमलाई वडा स्तरमा पुर्याइएको र श्रम स्वीकृति लिन चाहने व्यक्तिहरुको अनलाइन फारम नगरपालिकाबाट भर्ने व्यवस्था सुरु गरिएको ।
-

ज्ञैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## समस्याहरु

- कच्ची सडकहरुको मर्मत सुधार गर्न वढी लागत लाग्ने गरेको एवं वर्षातको वाढी र भलबाट अपेक्षाकृत रुपमा संरचनाहरु जोगाउन चुनौतिपूर्ण रहेको ।
- लागत सहभागिताको अंश प्रभावकारी रुपमा परिचालन हुन नसकेको ।
- लागत वढी र न्यून वजेट विनियोजन हुने कारणले अधिकांश योजनाहरु अधुरो रहने गरेको ।
- ग्रामीण बस्तीहरुलाई जोडेर बनाएको नगरपालिका हुंदा बिकास निर्माणको प्राथमिकता सडक निर्माण मर्मतमा नै दिनुपर्ने देखिएको ।
- सार्वजनिक यातायातको भाडादरमा एकरुपता कायम हुन नसक्दा नागरिकहरुमा असन्तुष्टी बढेको ।
- बाँदरको आतङ्कको कारण बसाई सराईको दर बृद्धि भएको ।
- दक्ष, उत्पादनशील र सीपयुक्त जनशक्तिको अभावले विकास निर्माण र उत्पादन क्षमतामा ह्रास आएको ।

उल्लेखित नगरपालिका अन्तरगतका शाखा तथा नगरपालिकामा क्रियासिल गैर सरकारी सस्थाहरुको प्रस्तुतिकरण पश्चात गोष्ठिका सहभागिले जिज्ञासा तथा सुझाबहरु राखु भएको थियो ।यसै नगरपालिका वडा नं ३ का वडा अध्यक्ष कृष्ण बहादुर भुजेल, वडा नं २ का अध्यक्ष प्रेम सापकोटा र कार्यपालिका सदस्य चिन्तामनो दर्जिले आफ्ना जिज्ञासा तथा सुझाबहरु राखुभएको थियो ।

५) समिक्षा कार्यक्रममा प्राप्त भएका सुझाब तथा सल्लाहहरु

प्रेम सापकोटा, वडा अध्यक्ष वडा नं २

- मकैको विउ परिक्षण भएको कि भएन ? एउटा पाकिसक्यो अर्को हरियो छ ।
- सामूदायिक मेलमिलाप केन्द्रलाई थप बजेट सहित ब्यवस्थापन गर्नुपर्यो ।
- बादरलाई छुट्याएको रकम हेरालु मार्फत प्रयोग गरेको भए राम्रो हुनेथियो ।
- हुरिबतासवाट बालिनालिमा भएको क्षतिको राहत रकम भयो ?
- स्वास्थबिमा एजेन्ट नियुक्ति प्रक्रिया के हो ?
- आयुर्वेद भबनको ट्रस राखि मर्मत गर्नु पर्नेछ ।
- वडा स्तरमा कृषि र पशु प्राविधिकको नियूक्ति हुनुपर्यो ।

कृष्ण बहादुर भुजेल वडा नं ३

- बालबिकास केन्द्र सञ्चालनमा समस्या छ । कसरी ब्यवस्थापन गर्न सकिन्छ ?
- विद्यालयको अनुगमन भएन ।
- शैक्षिक गुणस्तर न्युन छ ।
- कक्षा १-३ को निरन्तर मुल्याकंण भएन ।
- विद्यालयको दिवा खाजामा स्थानिय उत्पादनलाई जोड दिन पाईएन ।
- टोल विकास सस्था गठन गर्ने प्रक्रिया अगाडि बडाईयोस ।
- कृषि प्राविधिक विरलै देख्न पाईन्छ ।
- उत्पादनका आधारमा अनुदान दिने ब्यवस्था गरियोस ।
- कृषिको कार्यक्रम र सिजनमा तालमेल मिलेन ।
- पुर्वाधार विकासमा एउटाले बनाउने अर्कोले भत्काउने कार्य राम्रो भएन ।
- कृषि शाखा बाट पेश भएका तथ्याङ्कको आधार के हो ?
- प्रशासन शाखा र जिन्सी शाखाबाट प्रगति प्रतिवेदन पेश गर्दा राम्रो हुनेथियो ।

केन्द्र बहादुर सुनार वडा नं ७

- सामाजिक बिकास शाखाको प्रगति किन कम भयो ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

- समिति र शाखाबाट समेत विशेष ध्यान दिनुपर्यो ।

लाल बहादुर परियार कार्यपालिका सदस्य

- विद्यालयका प्रधानाध्यापकलाई खुला प्रतिस्पर्धाबाट छान्न सकिन्छ की ?
- विद्यार्थी नभएका विद्यालय तत्काल एकिकरण गर्नुपर्यो ।
- विद्यालयमा अग्रेजी माध्यमलाई प्राथमिकता दिनुपर्यो ।
- एक वडा एक आबासिय विद्यालय बनाउन पहल गर्नुपर्यो ।
- स्वास्थ शिबिरमा पैसा मात्र खर्च भयो उपलब्धी भएन ।यसको समय बडाउनु पर्यो ।
- कृषिबाट दिएको मकैको घोगा लागेन ।
- कृषि बाट बाडिएको हलोको गुणस्तर राम्रो छैन ।
- कृषिको बगुर खोर निर्माणमा लागत बडि लाग्यो । कृषक मर्कामा छन ।
- मेलमिलापकेन्द्र मा मेलमिलापकर्ताको भुमिका प्रभाबकारी भएन ।

भगवति सापकोटा कार्यपालिका सदस्य

- तालिमका लागि निबेदन पठाईयो तर तालिमा भएन ।
- कृषि शाखा बाट बिउ बाड्दा जानकारी भएन ।
- बिपद् जोखिम न्युनिकरणको तालिममा हामिलाई किन बोलाईएन ।
- बादरबाट जनता सारै दुखमा छन ।
- रैथाने बालि भन्दा फलफुल खेतिमा जोड दिन सकिने हुन्छकी ?

चिन्तामणी दर्जि कार्यपालिका सदस्य

- प्रस्तुतिकरणमा दिईएको सामाग्रीको अक्षर सानो भयो ।
- प्राविधिकहरुको ब्यवस्थापन मिलाउनुपर्यो ।

उपरीक्त अनुसारका जिज्ञासाका सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, र नगरप्रमुख बाट आबस्यक जवाफ एंव सहजिकरण गरी जिज्ञासालाई मेटाउने वा समाधानको खोजि गर्ने प्रतिबद्धता ब्यक्त भएको थियो ।

६) सहभागिहरु

यस नगरपालिकाको बार्षिक समिक्षा गोष्ठिमा नगरपालिकाको प्रमुख , नगरपालिकाको उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकिय प्रमुख, शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरु, पत्रकार, जैमिनी नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिरहेका विभिन्न गैर सरकारी सघं सस्था का प्रमुख तथा प्रतिनिधिको उपस्थिती रहेको थियो ।जसको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

७) उपलब्धी :

१) अपेक्षाकृत रुपमा भौतिक एवं आर्थिक लक्ष्य र बास्तविक भौतिक एवं आर्थिक प्रगतिको अबस्थाको बारेमा जानकारी भयो ।

२) अपेक्षित उपलब्धिको तुलनामा बास्तविक नतिजा हासिल भयो वा भएन भन्ने जानकारी प्राप्त भयो ।

३)कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्थाको बारेमा समस्या पहिचान गरी समाधानका उपायको बारेमा छलफल भयो ।

४)यस नगरपालिकामा क्रियासिल गैर सरकारी सस्थाले सञ्चालन गरिरहेका कार्यक्रमको बारेमा जानकारी हुनुका साथै कार्यक्रमको प्रगति र अबस्थाको बारेमा जानकारी भयो ।

५)नगरपालिकाले आगामि दिनहरुमा अपनाउनुपर्ने कार्यप्रक्रियाको सम्बन्धमा छलफल गरियो ।


६)समग्रमा ८२ प्रतिसत नजिकमा रहेको भौतिक एंव वित्तिय प्रगतिलाई सन्तोषजनक रुपमा लिईयो ।


७) निश्कर्ष :

नगरपालिकाको बार्षिक रुपमा सम्पन्न गर्ने क्रियाकलापको भैतिक एवं आर्थिक प्रगतिको समिक्षा तथा प्रस्तुति गर्दा पालिकाको समग्र अबस्था एवं प्रगतिको बारेमा जानकारी भएको छ । नगरपालिकाको समग्र प्रगति ८२ प्रतिशतको सेरोफेरोमा रहनु नगरको सकारात्मक सूचक हो । कार्यक्रममा यस प्रगतिको अवस्था राम्रो भएको र आगामि दिनमा थप प्रगतिको लागि आबस्यक समन्वय र सहकायर्मा जोड दिनुपर्ने निश्कर्ष निकालिएको छ । नगरका बिभिन्न कार्यसम्पादनका क्रममा आईपरेका समस्याको प्रभावकारी समाधान गर्न र योजना तथा कार्यक्रमको सफल कार्यान्वयनमा समेत सहयोग हुने हुदा यस प्रकारका समिक्षा एंव अन्तरक्रियात्मक कार्यक्रमहरु प्रभाबकारी भएको पाईयो ।समिक्षा गोष्ठिलाई पहिलो चरणमा विषयगत समितिका सयोजक संग मात्र छलफल गर्दा अझै गहन रुपमा छलफल गरी निश्कर्ष निकाल्न सहयोग पुग्यो भने थप सुझाब र निश्कर्षका लागि कार्यपालिका बैठकको छलफल थप प्रभाबकारी भयो ।


प्रतिवेदन तयार गर्ने
प्रेम प्रसाद सापकोटा
अधिकृत सातौं तह
जैमिनी नगरपालिका बागलुङ


मितिः २०८०।०४।३१





जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३







8/21/2023





जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३






जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# जैमिनीमा कार्यपालिका बैठक सहित समिक्षा सम्पन्न, गत आ.व मा ८२ प्रतिशत प्रगति

**जिल्लाखबर डेस्क**

अपडेट मितिः- २९ साउन २०८० सोमवार । समय २१:३६ बजे



जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

**सुजन प्रेमी सुवेदी**

**बागलुङ, २९ साउन २०८० ।**

बागलुङको जैमिनी नगरपालिकामा कार्यपालिका बैठक सहित बार्षिक समिक्षा गरिएको छ । आइतबार र सोमबार आर्थिक बर्ष २०७९/८० मा भएका योजना तथा कार्यक्रमको विषयमा समिक्षा गरिएको हो ।

आइतबार कर्मचारी र जनप्रतिनिधिको उपस्थितिमा गत आर्थिक बर्षमा भएका काम र गतिविधिको बारेमा प्रस्तुतिकरण र समिक्षा गरिएको जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीले जानकारी दिनुभयो । समिक्षामा जैमिनी नगरपालिकाका विभिन्न शाखाहरुबाट भएका काम कारवाहीको बारेमा शाखा प्रमुख कर्मचारीहरुले कार्य प्रगति विवरण प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नगरपालिकाको योजना सम्बन्धमा योजना शाखा प्रमुख प्रेम प्रसाद सापकोटा, शिक्षा युवा तथा खेलकुद सम्बन्धमा शाखा प्रमुख खेम प्रसाद आचार्य, स्वास्थ्य सम्बन्धी शाखा प्रमुख गोविन्द प्रसाद आचार्य, आर्थिक तथा वित्तीय प्रगति सम्बन्धी आर्थिक प्रशासन शाखा प्रमुख सुर्य बहादुर विक र कृषि सम्बन्धी शाखा प्रमुख निर्मल सापकोटाले आर्थिक बर्ष २०७९/८० मा भएका कार्यप्रगतिको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

यस्तै प्राविधिक र विपदव्यवस्थापन फाँटबाट भएका कार्य प्रगतिको बारेमा प्राविधिक प्रमुख विवेक सापकोटा, पञ्जिकरण तथा सामाजिक सुरक्षा तर्फ भएका कार्यप्रगतिको बारेमा एमआइएस अपरेटर तारा प्रसाद पौडेलले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

समिक्षा कार्यक्रममा पशु शाखा प्राविधिक कृष्ण प्रसाद ढकालले पशुपंक्षी क्षेत्रमा भएका कार्य सम्बन्धी, गरिवी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम

सम्बन्धी भएका कार्यक्रमको बारेमा फोकल पर्सन सरिता शर्मा र सामाजिक विकास क्षेत्रमा भएका कार्यको विषयमा महिला तथा बालबालिका शाखा प्रमुख देवि सुनारले गत आर्थिक बर्षमा भएका कार्यक्रमहरुको बारेमा जानकारी गराउनुभएको थियो ।

यसैगरी आर्युवेदको क्षेत्रका विषयमा आयुर्वेद शाखाका प्रमुख डाक्टर लक्ष्मी प्रसाद शर्मा, रोजगार सेवा केन्द्रका गतिविधिको बारेमा शाखा प्रमुख सुरेश पुन र न्यायिक क्षेत्रमा भएका काम कारवाहीको बारेमा सुरेश ओलीले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

जैमिनी नगरपालिकाले आर्थिक बर्ष २०७९/८० मा ८२ प्रतिशत भौतिक प्रगति गरेको छ भने ८२.११ प्रतिशत वित्तीय प्रगति गरेको छ । स्थानीय पाठ्यक्रम निर्माण, दरवन्दी मिलान र शिक्षा ऐनलाई जैमिनीले गत शिक्षा क्षेत्रमा भएको मूख्य उपलब्धी मानेको छ । समुदायमा स्वास्थ्य शिविर, नागरिक आरोग्य सेवा र रोग पहिचान, सुरक्षित मातृत्व सेवा लगाएतका सेवाहरु नगरपालिकाले उपलब्धीको प्राथमिकतामा राखेको छ ।

खरका छाना विस्थापन, घरवार बिहिनहरुका लागि घर निर्माण, रोजगार सेवा केन्द्र मार्फत श्रम स्विकृति र सिपमूलक तालिम प्रदान, लघुउद्यम कार्यक्रम मार्फत व्यवसाय र स्वरोजगारमा लाग्न सहयोग गरिएको विषय नगरपालिकाको उपलब्धीमा परेको छ । जैमिनीले गत आर्थिक बर्षमा कुल १८ करोड ६० लाख ४७ हजार ४ सय ६२ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । विपद व्यवस्थापनको क्षेत्रमा नगरपालिकाले ५६ जनालाई ३ सय ४ थान तारजाली वितरण गरेको छ भने कुल २ सय १७ जनालाई विभिन्न प्रकृतिका विपदले पुराएको क्षतिबापत राहत प्रदान गरेको छ ।

कार्यपालिका सदस्य र वडाध्यक्षहरुको सहभागिता रहेको कार्यक्रममा कार्यपालिका सदस्य चिन्तामणी दर्जी, वडा नं ७ का वडाध्यक्ष केन्द्र बहादुर सुनार, कार्यपालिका सदस्य लाल बहादुर परियार, वडा नं २ का वडाध्यक्ष प्रेम सापकोटा, वडा नं ३ का

वडाध्यक्ष कृष्ण भुजेल र कार्यपालिका सदस्य भगवती सापकोटाले नगरपालिकाले गर्ने कतीपय योजनाहरु प्रभावकारी नभएको, वितरण गरिएका विउ तथा सामग्रीहरु गुणस्तरीय नभएको, सरकारी सेवामा रहेकाहरुले आचरण सुधार गर्नुपर्ने, सम्पन्न गर्न सकिने कार्यक्रमको बारेमा समन्वय नगर्दा त्यस्ता योजना फिर्ता गएको, शिक्षा र स्वास्थ्यमा नागरिक सन्तुष्ट हुन नसकेको लगाएतका प्रश्न तथा जिज्ञासा राख्नुभएको थियो ।

सोमबार जैमिनीको कार्यपालिका बैठक बसेको छ । कार्यपालिका बैठकले समिक्षा बैठकमा पेश भएका कार्यप्रगतिको बारेमा मूल्याङ्कन गरेको नगरपालिका श्रोतले जनाएको छ । कार्यक्रममा नगर प्रमुख नर बहादुर पुनले गत आर्थिक बर्षमा भएका योजना र कार्यक्रम सम्पन्न पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

PAGE NO.
DATE / /

आज मिति २०८० साल साउन महिना १८ गतेका दिन यस जैमिनी नगरपालिका बागलुङका नगर प्रमुख श्री नरबहादुर पुनज्यूको अध्यक्षतामा भएको गत आ.व. २०७९।०८० मा संचालित योजना तथा कार्यक्रमहरूको विषयगत समिति संयोजक र कार्यालयका शाखा प्रमुखहरु संग को छलफल बैठकको उपस्थिति देहाय बमोजिम भयो।

उपस्थिति

१. श्री नरबहादुर पुन - अध्यक्षता एवं नगर प्रमुख जैनपा
२. श्री हरिहर शर्मा - नगर उपप्रमुख जैनपा
३. श्री चेतनाथ गिरी - प्रमुख प्रशासकिय अधिकृत जैनपाका
४. श्री खेमप्रसाद आचार्य - उपसचिव (प्रशा.नह) " "
५. श्री विष्णुप्रसाद आचार्य - संयोजक वा.वि. समिति
६. श्री चन्द्रबहादुर थापा - " आर्थिक विकास समिति
७. श्री डीप्रसाद थापा - " पूर्वाधार विकास समिति
८. श्री कृष्ण बहादुर थापा - " वन वातावरण वि.व्य. समिति
९. श्री प्रेम सापकोटा - " सुशासन तथा सं. "
१०. श्री

कार्यालयका शाखा प्रमुख एवं प्रतिनिधिहरुको तर्फबाट

१. श्री सुर्य बहादुर वि.क. - लेखा अधिकृत
२. श्री गोविन्द आचार्य - जन स्वा. अधिकृत
३. श्री प्रेमप्रसाद सापकोटा - अधिकृतस्तर, सातौं
४. श्री विष्णुप्रसाद शर्मा - " "
५. श्री लक्ष्मी प्रसाद शर्मा - कविराज निरीक्षक
६. श्री विवेक सापकोटा - ईन्जिनियर
७. श्री कृष्ण प्रसाद ढकाल - अधिकृत छैठौं
८. श्री सुरेश पुन - रोजगार संयोजक
९. श्री विवेक थापा मगर - सूचना प्रविधि अधिकृत
१०. श्री अम्बिका सापकोटा - अधिकृत छैठौं
११. श्री सुरेश ओली - सहायक पाँचौं
१२. श्री रामलाल चापागाई - " "
१३. श्री विजय थापा - MIS अपरेटर
१४. श्री खुम ब. डीसी - रोजगार सहायक
१५. श्री पृथ्वी ब. थापा - सहायक चौथो

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

३. श्री प्रेम प्रसाद खापकोटा – अधिकृत सातौं
४. श्री विष्णु प्रसाद शर्मा – ,, ,,
५. श्री लक्ष्मी प्रसाद शर्मा – पशुचिकित्सा प्राविधिक
६. श्री विवेक खापकोटा – ईन्जिनियर
७. श्री गिरिलक्ष्मी शर्मा – अधिकृत सातौं
८. श्री कृष्ण प्रसाद ढकाल – अधिकृत छैठौं
९. श्री विवेक थापा मगर – सूचना प्रविधि अधिकृत
१०. श्री निर्मल खापकोटा – कृषि स्नातक अधिकृत
११. श्री सुरेश पुन – रोजगार संयोजक
१२. श्री अम्बिका खापकोटा – अधिकृत छैठौं
१३. श्री नेत्रप्रसाद आचार्य – ,, ,,
१४. श्री श्यामलाल थापामगर – सहायकस्तर पाँचौं
१५. श्री सुरेश ओली – ,, ,,
१६. श्री सरिता शर्मा – ,, ,,
१७. श्री ताराप्रसाद पौडेल – ,, ,,
१८. श्री पृथ्वी बहादुर थापा – सहायकस्तर चौथौं
१९. श्री मोहनकुमार के.सी. – प्र.लै.पा.
२०. श्री देवी वि.क. सुनार – प्र.मं. क्लि. नि.
२१. श्री भगवती चपाई – लेखापाल
२२. श्री विजय थापा – एम.आई.एस. अपरेटर
२३. श्री सुजन प्रेमी – कुमैच्छा एफ.एम. कुश्मीसेरा
२४. श्री देव उपाध्याय – NV, VSO (SIKAI Project)
NV = National Volunteer
२५. श्री यदुनाथ शर्मा – कार्यालय सहयोगी जैनपा का.
२६. श्री कुमल आचार्य – ,, ,, ,,
२७. श्री लेखनाथ ,, – ,, ,, ,,
२८. श्री रत्न वि.के.जी – इलेक्ट्रिसियन ,,

निर्णयहरू

१. यस जैमिनी नगरपालिकाको आ.व.२०७७।७८ को वार्षिक समिक्षा बैठकमा नगरप्रमुख श्री नरबहादुर पुनज्यूको अध्यक्षतामा उपप्रमुख, कार्यपालिका सदस्यहरू, न.पा. कार्यालयका शाखा प्रमुखहरू लगायत संचार कर्मी गैसस का प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भयो।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

२. समिक्षा बैठकको/कार्यक्रमको संचालन योजना अधिकृत प्रेमप्रसाद सापकोटा र संयोजन एम. आई. एस. अपरेटर तारा प्रसाद पौडेलले गर्नु भयो।

३. वार्षिक समिक्षा कार्यक्रममा सबै शाखाबाट आ.व. २०७९/८० को वार्षिक अवधिको सबै योजना/कार्यक्रमको अवस्था, खर्च उपलब्धि समस्या र समाधानका उपाय सहितको विवरण प्रस्तुत गरी छलफल भयो।

४. छलफलको क्रममा उठेका विषयवस्तु सुझाव र भावि कार्य दिशाको सम्बन्धमा टिपोट गरी प्रतिवेदन तयार गर्न सहायक पाँचौं सुरेश ओलीलाई जिम्मा लगाउदै निर्णय भयो।

५. आ.व. २०७९/०८० को समिक्षा प्रतिवेदनलाई नगरपालिकाको वेभसाइडमा राखी सार्वजनिक गर्ने सोचै वार्षिक समिक्षा कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।